टेम्केमैयुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

अन्नपूर्ण, भोजपुर, १ नं प्रदेश, नेपाल

**उद्यम विकास सहजकर्ता (EDF) करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७७/०७/२३

प्रस्तुत बिषयमा आ.ब. २०७७/०७८ मा टेम्केमैयुङ गाउँपालिकामा सञ्चालन हुने गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) को ब्यवस्थित रुपमा कार्यान्वयनको लागि आवश्यक उद्यम विकास सहजकर्ता (EDF) पद रिक्त रहेकोले उक्त पदको खुल्ला प्रतियोगितात्मक प्रतिस्पर्धात्मक परीक्षाको माध्यमबाट करार सेवामा लिइ पदपूर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र माग बमोजिमका विवरण राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०६/२०७७/०७८ | उद्यम विकास सहजकर्ता (EDF) | सहायकस्तर चौथो | २ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभवः**

(क) प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम परिषद् (सिटिइभिटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तिर्ण गरेको, वा

(ख) प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम परिषद् बाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको, वा

(ग) प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम परिषद् बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (टिएसएलसी) उत्तीर्ण गरेको ।

(घ) उमेरः कम्तिमा १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।

(ङ) कम्प्युटर तालिम लिई आधारभुत कम्प्युटर सीप भएकोलाई प्राथमिकता।

**२. दरखास्त दिने स्थानः** टेम्केमैयुङ गाउँ कार्यपालिकाको कार्यालय, अन्नपूर्ण, भोजपुर वा दरखास्त फारम, भौचर, शैक्षिक प्रमाणपत्रको प्रतिलिपि, अनुभव/तालिमको प्रतिलिपि र दरखास्त तिरेको भौचर स्क्यान गरी यस गाउँपालिकाको इमेल : temkemunbhp@gmail.com मार्फत दरखास्त दिनुपर्नेछ।

(नोट : इमेल मार्फत दरखास्त दिएका परीक्षार्थीले परिक्षा दिन आउदा पेश गरेको सक्कल दरखास्त फारम, भौचर, शैक्षिक प्रमाणपत्र पेश गर्नु पर्नेछ अन्यथा परीक्षार्थीलाई परिक्षा दिनबाट समेत बन्चित गराउन बाधा पुग्ने छैन। )

**३. दरखास्त दिने अन्तिम मितिः** मिति २०७७/०८/०७ गते कार्यालय समयभित्र।

**४. आवेदन दस्तुरः** रु. ५००।- (पाँच सय मात्र)

**५. आवेदन दस्तुर बुझाउने ठाउ :** गाउँपालिकाको राजस्व शाखा वा माछापुच्छ्रे बैंक, ट्याम्केमैयुम शाखामा रहेको ग -१.१ आन्तरिक राजस्व खाताको खाता नं. ९३०१५२४६७५७५५०९६ मा परिक्षा दस्तुर जम्मा गरी दरखास्त फारम साथ पेश गर्नुपर्ने छ।

**६. छनौटको किसिमः** प्रारम्भिक योग्यताक्रम र अन्तरवार्ता।

**७. आवेदन साथ संग्लन कागजातहरुः** आवेदकले प्रमाणित गरेका देहाय बमोजिमका कागजातहरुको प्रमाणित प्रतिलिपि

क. नागरिकता प्रमाणपत्र     ख. शैक्षिक योग्यताका प्रमाणपत्र     ग. अनुभव सम्बन्धी कागजात

घ. २ प्रति पासपोर्ट साइजको फोटो

**८. सेवा सुविधाहरुः** गाउँ कार्यपालिकाको कार्यालयले तोके बमोजिम हुनेछ ।

९. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण (ToR) गाउँपालिकाले उपलब्ध गराए बमोजिम हुनेछ ।

नोटः दरखास्त फारम यस गाउँपालिकाको वेबसाइट : https://www.tyamkemaiyummun.gov.np बाट डाउनलोड गर्न सकिनेछ। आवेदनको ढाँचा, कार्यविवरण लगायतका अन्य जानकारीका लागि कार्यालयको इमेल : temkemunbhp@gmail.com मा सम्पर्क राख्न सकिनेछ ।

2077/06/23

नि. प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत